CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #४१

२२।३।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## राष्ट्रिय महिला आयोगले महिला हिँसा सम्बन्धी उजुरी यसरी हेर्दैछ

महिला हिंसा सम्बन्धी उजुरी गर्नु परे २४ सै घण्टा हेल्पलाईन सेवा

"खबर गरौं"
११४५

### कस्तो सेवा पाईन्छ ?

- उजुरी दर्ता
- सबै प्रकारका मनोसामाजिक विमर्श
- निवेदकलाई दिईने कानूनी परामर्श
- विपक्षीसँग लिईने बयान

### कस्तो अवस्थामा कार्यालयमा उपस्थित हुने ?

दुई पक्षिय छलफल तथा मेलमिलापका लागि अति आवश्यक अवस्थामा दुबै पक्षबिचको छलफल तय गरी निवेदनमा उल्लेख भएका पक्ष र विपक्ष मात्र उपस्थित हुने ।

कोरोना संक्रमणको जाखिमबाट बच्न सरकारले कार्यालयमा सेवाग्राहीले पालना गर्नुपर्ने सुरक्षा उपाए नअपनाए कार्यालयले सेवा प्रदान गर्ने छैन ।

स्रोत: https://www.nwc.gov.np/Publication_file/5eef7a0c54baf_Guideline.pdf

## नेपाल अपडेट



कोरोना रोकथाममा खटिएका सुरक्षाकर्मीको स्वाव संकलन गर्दै स्वास्थ्यकर्मी

तस्बिर: नमस्कार शाह

### परिक्षण

पिसिआर परिक्षण: २,५५,७२८
पोजेटिभ: १५,९६४
उपचाररत: ९,११८
मृत्यु : ३५




Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



सरकारले वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति दिदैछ रे ।

विदामा नेपाल आएका, भीषा र करार अवधी बाँकी रहेका व्यक्ति र यस पूर्वको करार अवधि समाप्त भई पुन: करार नवीकरण गरेका र भीषाको समेत म्याद थप भएका व्यक्तिले आवश्यक कागजातहरु सहित निवेदन दिएमा कोभिड - १९ परीक्षण र स्वास्थ्य सम्बन्धी प्रोटोकल समेतको आधारमा पुन:श्रम स्वीकृति जारी गर्ने निर्णय नेपाल सरकार मन्त्रिपरिषदले गरेको छ । यसको मतलव नयाँ श्रम स्वीकृती खुलेको हैन । पुन: श्रम स्वीकृति, वैदेशिक रोजगार कार्यालय ताहाचल, काठमाण्डौ तथा सबै प्रदेशमा रहेका श्रम तथा रोजगार कार्यालयबाट मिति २०७७ असाढ १८ गते देखी नै नियमित रुपमा हुने भएकोले सो कार्यालयमा आवश्यक कागजात पेश गरी पुन: श्रम स्वीकृति लिन सकिनेछ ।

स्रोत: https://moless.gov.np/wp-content/uploads/2020/07/Re-entry-press-release-077-3-18-scaled.jpg



अब विदेशबाट आएकाहरु क्वारेन्टाईनमा बस्नु पर्दैन रे ।

हावाई मार्ग वा स्थलमार्गबाट नेपाल आउने व्यक्तिले आफ्नो घरमा क्वारेन्टाईन सरहको सुविधा भएको व्यहोरा सहित होम क्वारेन्टाईनमा बस्न अनुरोध गरेमा स्थानीय प्रहरी र वडा समितिको सिफारिसको आधारमा सवास्थ्य तथा जनसंख्या मन्त्रालयले तोके बमोजिमको होम क्वारेन्टाईन सम्बन्धी मापदण्ड पालना गर्ने गरी DCCMC ले होम क्वारेन्टाईनमा बस्ने अनुमति दिन सक्नेछ ।

स्रोत: file:///D:/CivicAcTs/Corona%20Bulletin/Bulletin%2041/03-18%20cabinet.pdf



ढलमा पनि कोरोना भाईरस देखियो रे । यसले त समुदायमा भाईरस फैलिएर भयानक अवस्था ल्याउँछ भन्छन नि ।

विश्वमा अन्यत्र भएका अध्ययनले व्यक्ति संक्रमित रहेकै अवस्थामा वा निको भईसके पछी पनि ढलमा भाईरसका टुक्राटाक्रि भेटिएको देखिन्छ । जुन सामान्यतया रोग सार्ने खालको हुँदैन । कोरोना भाईरस सामान्य ताक्रमको पानी र क्लोरिन जस्तो किटाणुनाशक औषधी राखिएको फोहोर पानीमा पनि २ दिन सम्म बाँच्न सकिने देखिएको छ । यसरी ढलको पानीमा कोरोना देखिए पनि यसको माध्यमबाट मानिसमा संक्रमण सर्न सक्ने कुरालाई अध्ययनले पुष्टि गर्न सकेका छैनन् । ढलको पानीमा भाईरसको अंश भेटियो भन्दैमा समुदायमा संक्रमण फैलिएर जटिल अवस्था सृजना भएको भन्न मिल्दैन । तर, ढलको काम गर्ने कर्मचारीले ढल सफा गर्दा स्वास्थ्य सुरक्षामा भने विशेष ध्यान दिनु पर्दछ भनेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुरोध गरेको छ ।

स्रोत: https://www.facebook.com/mohpnep



कोरोनाका कारण एस.इ.इ. दिनुपर्ने विद्यार्थिले परीक्षा दिनु पर्दैन, आन्तरिक मुल्यांकन हुन्छ रे । मुल्यांकन हुने कसरी हो ।

विद्यार्थिको मुल्यांकन सम्बन्धित विद्यालयले गर्नेछ । यसको अन्तिम प्रमाणिकरण सम्बन्धित विद्यालयको प्रधानाध्यापक अध्यक्ष, सम्बन्धित कक्षा शिक्षक र न्यूक्तिको आधारमा सो विद्यालयका ज्येष्ठ शिक्षक सदस्य रहेको समितिले गर्नेछ । त्यसको लागि पहिलो त्रैमासिक परीक्षाको कूल पूर्णांकबाट १०%, दोस्रो त्रैमासिक परिक्षाबाट ३०% र अन्तिम परीक्षाबाट ६०% (शैद्धान्तिक र प्रयोगात्मक) गरी तिनै परीक्षाको कूल प्राप्तांक जोडेर विद्यार्थिको विषयगत ग्रेड निर्धारण गरिनेछ ।

स्रोत: http://www.neb.gov.np/uploads/photos/mx4fyey-IP200623110615.pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




## COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| २,०९,५०९ संक्रमित | ५०,६४४ संक्रमित | २९,३६७ संक्रमित | १००,३४५ संक्रमित | ५१,५४० संक्रमित | ४७,७३५ संक्रमित | ८,६६८ संक्रमित | १३,१३७ |
| १,६५० नेपाली संक्रमित | १००० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २०,००० नेपाली संक्रमित | २००० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ९ मृत्यु भएका नेपाली | ४ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | ७ मृत्यु भएका नेपाली | २५ मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## नेपालमा पुन: श्रम स्वीकृति सुरु भएको छ

शुक्रबार सिस्टमको कारणले अबरोध आएकाले शनिबार पनि सञ्चालनमा आएको श्रम विभागले शनिबार ४६ जनालाई पून:श्रम स्वीकृति प्रदान गरेको छ ।

### साउदी अरब

साउदीमा रहेको नेपाली दूतावासले आफूसँग Exit Visa भएको अवस्थामा मात्र जहाजको टिकट लिनको लागि अनुरोध गरेको छ । कतिपय अवस्थामा दुतावासले फारमको आधारमा नामको सूची निकाल्ने गर्दछ । यदि श्रमिकको फारममा Exit Visa छ भनेर उल्लेख गरेको छ, तर पासपोर्टमा छैन भने देश बाहिर जान सकिदैन । Exit Visa को म्याद ६० दिनको हुन्छ ।

### यू.ए.ई.

यू.ए.ई.मा काम गर्दै गरेका श्रमिकले ड्राईभिङ लाईसेन्स लिन चहेको खण्डमा कम्पनिको लेटर बिनानै ड्राईभिङ लाईसेन्स लिन सकीने भएको छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## संघिय सरकार

**जम्मा**

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २६ करोड**

**दाता**

ए.डि.बि.
करिब ३० अर्ब ३३ करोड

विश्व बैंक
करिब ३ करोड ४८ लाख

आई.एम.एफ.
करिब १५ अर्ब ८८ करोड

युरोपियन युनियन
करिब ९ अर्ब ९४ करोड

**खर्च**

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब ४ अर्ब १० करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## प्रदेश सरकार

| प्रदेश | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | प्रदेश ५ | कर्णाली प्रदेश | सुदुरपश्चिम प्रदेश |
|---|---|---|---|---|---|---|---|
| जम्मा रकम | करिब २९.४ करोड | करिब २६.६ करोड | करिब ४२.९ करोड | करिब १८.३ करोड | करिब १५.६ करोड | करिब २५.४ करोड | करिब ४२.५ करोड |
| खर्च गरिएको रकम | करिब १९.३ करोड | करिब १३.३ करोड | करिब १३.६ करोड | करिब १५.४ करोड | करिब ७.७९ करोड | करिब २३.९ करोड | करिब ३६.४ करोड |

## हरेक प्रदेशको सकमाजिक विकास मन्त्रालयको कूल बजेट र स्वास्थ्य क्षेत्रमा भएको खर्च



# $ फलो द मनी - खर्चको अर्थ

## प्रदेशगत स्वास्थ्य क्षेत्रमा प्रति व्यक्ति खर्च




नेपालमा कोभिड - १९ को संक्रमणको अहिलेको बृद्धिको प्रवृति हेर्ने हो भने, विशेष गरेर लकडाउन पछि यसले बिरामीको उपचारमा सरकारको तत्परतामा प्रश्न उठेको छ । आर्थिक वर्ष २०७७/७८ का लागि सामाजिक विकास मन्त्रालयमा ठुलो रकम विनियोजनका बावजुत पनि प्रति व्यक्ति स्वास्थ्य खर्च औसतमा जम्मा रु. ५७२ मात्र छ । यसरी हेर्दा सामाजिक विकास मन्त्रालयमा भएको बजेट बृद्धिले स्वास्थ्य क्षेत्रलाई कुनै सम्बोधन गरेको देखिदैन ।

अरु प्रदेशसँग तुलाना गर्ने हो भने, प्रदेश नं. २, बागमती प्रदेश र प्रदेश नं. ५ को प्रति व्यक्ति स्वास्थ्य खर्च एकदमै कम छ । यसले कोरोना लगायत अन्य स्वास्थ्य सेवा सम्बन्धी खर्च बिरामी आफैले व्यहोर्नु पर्नेछ भन्ने बुझाउँछ । कोभिड - १९ को संक्रमण अझै बढ्न सक्ने भएकोले यो अवस्था अझै नाजुक बन्न सक्छ । युनिभर्सल हेल्थ एसेस्मेन्ट रिपोर्ट (शिवराज अधिकारी, १२-२०१५) का अनुसार, हरेक पटक रु. १०० को स्वास्थ्य सेवा लिँदा प्रत्येक नेपालीले रु ४९.२ आफ्नो खल्तिबाट तिर्नु पर्दछ । यसले, प्रदेश सामाजिक विकास मन्त्रालयको बजेटमा बृद्धि भए पनि, आकस्मिक सेवा चाहिने बिरामीलाई मध्यनजर गर्दा स्वास्थ्य क्षेत्रको लागि छुट्याएको बजेट एकदम न्यून हो ।

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

# श्रमिकको समस्या देखी समाधानको बाटो

## १. श्रमिकका तत्कालका समस्या



क. जो विदेशमा अप्ठेरोमा छन्, उनिहरुले टिकट काट्नै सकेका छैनन् । सरकारले उनिहरुको उद्दार गर्ने भनेर निर्णय गरेको छ, तर कार्यान्वयन् हुन नसक्दा अप्ठेरोमा परेकाहरु झनै समस्यामा पेकाछन् ।

ख. जो नेपाल आइपुगे तर घर पुगेका छैनन्, उनिहरुलाई क्वारेन्टाईनको उपयुक्त व्यवस्था छैन र समाजले हेर्ने दृष्टिकोण नकारात्मक छ ।

ग. जो घर पुगिसके उनिहरु अब के गर्ने भन्ने अन्यौलमा छन् ।



## २. विदेशबाट कस्ता कस्ता श्रमिक फर्केकाछन् ?

सामान्यतया हामी यसलाई ४ Master Category मा छुट्याउन सक्छौं ।

क. फेरी विदेश नै जान चाहने ।

ख. आफ्नै देशमा बसेर पुर्ख्यौली कृषि पेसा गर्न चाहने ।

ग. आफ्नै देशमा केही व्यापार व्यवसाय गर्न चाहने ।

घ आफ्नै देशमा जागिर गर्न चाहने ।

## ३. तथ्यांक तयार पारिसकेपछी



- विदेश फर्किन चाहनेहरुलाई पनि सकेसम्म आफ्नै ठाउँमा केही गर्न सकिन्छ भनेर प्ररित गर्ने । उनिहरुको मानसिकता बुझेर सकेसम्म दोश्रो (कृषि पेशा) या तेश्रो (व्यापार व्यवसाय) Category हैन भने चौथो (जागिर) Category सम्म आउन सक्ने बनाउने ।
- कृषि पेसा गर्न चाहनेहरुलाई आधुनिक प्रविधियुक्त खेति गर्न सिकाउने, किसान प्रतिको धारणा राम्रो छ भन्ने कुराको बिश्वास दिलाउने र उत्पादन गरेका कृषि उपजको बजारिकरणमा सहजिकरण गर्ने ।
- व्यापार व्यावसाय गर्न चाहनेहरुको समस्या बुझेर त्यस अनुसारको कर्जा, परामर्श, बजारिकरण लगायतका विषयमा सहयोग गर्ने । त्यसै गरेर, व्यवसाय दर्ता गर्दा छुट दिने र सुरुका केही वर्ष व्यवसाय करमा छुट दिने ।
- जसको व्यवसायिक मानसिकता पनि छैन र जागिर गर्न चहान्छन् भने, उनिहरुले सिकेको Skill set चेक गर्ने र Skill Data Bank बनाउने । उनिहरुले बिदेशमा सिकेर ल्याएको Skill सुहाउँदो ठाउँमा सदुपयोग गर्ने । सरकारकै तर्फबाट Job Center स्थापना गरेर कामदार र कम्पनीलाई मिलाउन सहयोग गर्ने ।
- बिदेशमा सिकेको सिप नेपालमा काम लाग्ने छैन भने, नयाँ सिप सिकाउने ।
- बिभिन्न ठूला आयोजनाहरुमा वैदेशिक रोजगारीबाट फर्किएकालाई प्राथमिकतामा राख्ने ।
- श्रमिकको को Insurance, WPS लगायत अन्य श्रम ऐनले दिएको अधिकारलाई कार्वन्ययन गराउने ।

आरपि श्रृजन
लेखक लामो समय वैदेशिक रोजगारीबाट फर्किएका श्रमिक हुनुहुन्छ ।

# फ्रन्टलाईनर्स भोईसेस्



## जानुका सिंखडा

उपाध्यक्ष

ज्वालामुखी गाउँपालिका, धादिङ

"सबैमा एक किसिमको त्रास थियो । जब, हामी क्वारेन्टाईन व्यवस्थापन देखी राहत वितरण गर्न आफै खटियौं त्यस पछि स्थानीयमा आशा जाग्यो । जनप्रतिनिधी आफै रातदिन खटिदा बाहिरबाट आउनेलाई स्थानीयले नै क्वारेन्टाईनमा राख्न सहयोग गरे । अझै भन्दा, कोरोना महममारीले नागरिक सामु जनप्रतिनिधीलाई आफ्नो क्षमता प्रमाणित गर्ने अवसर जुराईदिएको छ ।"

## गिता बञ्जारा

उपाध्यक्ष

पनौती नगरपालिका, काभ्रेपलाञ्चोक

"हामिलाई सुरुमा के गर्ने कसो गर्ने भन्ने अन्यौल नै थियो। त्यसमाथि बाहिरबाट आएकालाई कसरी व्यवस्थित गर्ने भन्ने चुनौति थपियो। विदेशवाट आएका व्यक्तिहरूलाई सुरुमा अस्पतालमा लगेर पिसिआर परीक्षण गर्न प्रहरीको सहयोग लिने अवस्था थियो। हामीले त्यस्ता व्यक्तिलाई पहिचान गरेर परामर्श दियौं। अहिले घरकै मान्छेले क्वारेन्टाइनमा बस्नु पर्छ भनिरहेकाछन्। हामीले एक बर्षअघिनै वैदेशिक रोजगारीमा गएका परिवारको प्रोफाइल बनाएका थियौ । त्यसले हामीलाई काम गर्न निक्कै सहयोग मिल्यो।"





## गिनु माया थापा

उपाध्यक्ष

ऋषिङ गाउँपालिका, तनहुँ

"गाउँपालिकामा हाल सम्म जम्मा ३९ जनामा संक्रमण देखियो । त्यस मध्ये २४ जना सञ्चो भएर घर फर्किसके । सबैको सहयोगले संक्रमण लगभग नियन्त्रणमा छ । हिजो उद्दार र राहतमा जसरी मेहनत गर्‍यौं, त्यसरी नै अब उनिहरुलाई सम्मानित रुपमा पुनर्स्थापन गर्न लागिपरेका छौं ।"

सही
सूचना

# के दैनिक पि.सि.आर. परीक्षण सरकारको पूर्ण क्षमतामा भईरहेको छ ?

## अघिल्लो महिना दैनिक रुपमा भएको आरटि - पिसिआर परीक्षण




दैनिक आरटि - पिसिआर परीक्षणको संख्या बढाउन नागरिकले गरेको चर्को मागका बावजुत, अघिल्लो महिना त्यसमा कुनै सुधार आएन । सोही अवधिमा संक्रमितको संख्या ३,२३५ बाट बढेर १५,७८५ पुग्यो । संक्रमितको संख्या बढ्दै जानु र संक्रमण समुदाय स्तरमा फैलिने सम्भावना बढिरहेकोले, परीक्षणको दायरा बढाउन एकदमै जरुरी छ । तर, माथिको ग्राफले सरकार दैनिक परीक्षणको दायरा बढाउन असफल भईरहेको देखाउँछ । के अहिले भईरहेको परीक्षण सरकारको पूर्ण क्षमतामा भईरहेको छ त ? यसले अब सरकारले निजि स्वास्थ्य क्षेत्रसँग मिलेर काम गर्नुपर्दछ भन्ने तर्फ संकेत गर्दछ ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका  हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटि फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि मे महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगाको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219